IOWA READING RESEARCH CENTER
Student Reading Success Through Research and Collaboration

# तपाईंका बालबालिकाहरू र किशोर-किशोरीहरूसँग अङ्ग्रेजी सिक्ने: अङ्ग्रेजी अभ्यास गर्नको लागि जङ्क मेलको प्रयोग



लेखक: निकोल डेसल्ले (Nicole DeSalle), लेखक समन्वयक, आयोवा रिडिङ रिसर्च सेन्टर

सम्पादकको नोट: *एकसाथ मिलेर सिक्दा यसले तपाईंका बालबालिका र किशोर- किशोरीहरूको साथै तपाईंको आफ्नै अङ्ग्रेजी भाषाको ज्ञान सुधार गर्न सक्छ। यो पोष्ट अङ्ग्रेजी भाषा सिक्ने रेख-देख गर्ने व्यक्तिहरूलाई (caregivers) आफ्नो दैनिक जीवनमा परिवारको लागि अङ्ग्रेजी सिक्ने अवसर पत्ता लगाउन सहायता गर्नको लागि निर्माण गरिएको निरन्तर श्रृंखलाको भाग हो।*

हामी डिजिटल संसारमा जिउँछौं। तैपनि, टेक्स्ट मेसेज र स्मार्टफोन एपहरूको यो युगमा, तपाईंको पोष्टल मेलबक्स कुपनहरू र विज्ञापनहरूको पन्ना जस्ता जङ्क मेलहरूले नियमित रूपमा भरिन सक्छ। तपाईंलाई ती पन्नाहरू सीधै रिसाइकल बिनमा फ्याँक्न मन लाग्न सक्ने भए पनि, अङ्ग्रेजी भाषा सम्बन्धी तपाईंको साथै तपाईंका बालबच्चा र किशोर-किशोरीहरूको साहित्यिक विकासमा सहायता गर्नको लागि जङ्क मेल वा अन्य दैनिक जीवनका वस्तुहरू (जसलाई समग्रमा *रेलिया* वा सिकाइका व्यवहारिक वस्तुहरू भनेर भनिन्छ)

प्रयोग गर्ने विभिन्न तरिकाहरू छन्। भाषाले हामीलाई समस्याहरू समाधान गर्न अनि अरू मानिसहरूसँग सामाजिक रूपमा कुराकानी गर्न समर्थ तुल्याउँछ (Vygotsky, 1978)। त्यसकारण, कुपन र विज्ञापनहरूजस्ता सिकाइका व्यवहारिक वस्तुहरू वा रेलियाको प्रयोग गरेर अभ्यास गरेमा यसले तपाईं र तपाईंका बालबच्चा अनि किशोर-किशोरीहरूलाई दैनिक जीवनमा आइपर्ने परिस्थिति र कुराकानीहरू अभ्यास गर्न सहायता गर्छ। यस प्रकारको सिकाइका व्यवहारिक वस्तुहरू वा रेलियाले तपाईं र तपाईंका बालबच्चा वा किशोर-किशोरीलाई संयुक्त राज्य अमेरिकाको बारेमा सांस्कृतिक ज्ञान प्राप्त गर्न सहायता गर्छ, जस्तै स्टोरहरूमा के-कस्ता उत्पदानहरू प्राप्त गर्न सकिन्छ र विज्ञापनहरूमा कस्तो प्रकारको जानकारी पाइन्छ (Xu, 1999)।

## एकसाथ पृष्ठभूमि ज्ञान निर्माण गर्ने

अङ्ग्रेजी भाषा सिक्नेहरूका लागि, यो पोष्टमा उल्लेख गरिएका क्रियाकलापहरूलाई प्रयोग गर्नुभन्दा पहिले तपाईंहरूले यी शब्दहरू जान्नु उपयोगी हुन्छ।

- तपाईंले प्राप्त गर्न चाहनुभएको मेल, जस्तै पत्र, वा तपाईंले प्राप्त गर्नु पर्ने आवश्यक रहेको कुरा जस्तै बिल तपाईंले प्राप्त गर्नुहुन्छ। तपाईंले प्राप्त गर्न नचाहनुभएको मेललाई प्रायजसो *जङ्क मेल* भनिन्छ। कुपन र विज्ञापनहरू त्यस प्रकारको जङ्क मेल हो। विज्ञापन र कुपनहरू उपयोगी हुनसक्ने भए तापनि, धेरैजसो मानिसहरूले तिनलाई जङ्क मेल भन्छन् किनभने तिनीहरूले यो अत्याधिक मात्रामा प्राप्त गर्छन्, किनभने तिनीहरूले यो प्राप्त गर्न अनुरोध गरेका हुँदैनन्। तपाईंको इमेलमा पठाइएको यस किसिमको नचाहेको सामग्रीलाई व्याख्या गर्न प्रायजसो *स्प्याम* भन्ने शब्दको प्रयोग गरिन्छ। यस विषयमा थप जानकारीको लागि, अङ्ग्रेजी भाषा सिक्नेहरूको लागि तयार गरिएको वेबसाइट, *Breaking News English* ले लेखेको यो स्प्याम सम्बन्धी लेख पढ्नुहोस्।
- *कुपन* भनेको टिकट वा कागजको सानो टुक्रा हो जसले तपाईंलाई उत्पदान वा सेवाको लागि छूट प्रदान गर्छ। कुपनहरू पत्रपत्रिका वा अनलाइन भेट्टाउन सकिन्छ। कुपनहरू प्रायजसो मेलद्वारा पठाइन्छ। कुपनहरूद्वारा, तपाईंले सबै प्रकारका उत्पदानहरूमा छूट प्राप्त गर्न सक्नुहुन्छ, जस्तै खाद्य वस्तु, लुगाधुने पाउडर, वा पेपर टावेल इत्यादि। कुपन प्रयोग गर्नको लागि, स्टोर जाँदा आफूसँग पेपर टिकट (वा अनलाइन भएमा प्रिन्ट



गर्नुहोस्) लिएर आउनुहोस्। तपाईंले चेकआउट काउन्टरमा भुक्तानी गर्दा क्यासियरलाई कुपन दिनुहोस्।

- *विज्ञापन* भनेको उत्पदान, सेवा, वा कार्यक्रमको सूचना हो। विज्ञापनहरू प्रायजसो छूट वा मूल्य घटेको बारेमा जानकारी दिने उद्देश्यको लागि हुन्छ। कतिपय विज्ञापनमा कुपनहरू समावेश हुन्छ।

तपाईंले आफ्ना बालबच्चा वा किशोर-किशोरीसँग अङ्ग्रेजीमा वा तपाईंको मातृभाषामा निम्न प्रश्नहरूको बारेमा छलफल गर्न सक्नुहुन्छ:

- *के तपाईंको गृहदेशमा जङ्क मेल हुन्छ? यो संयुक्त राज्य अमेरिकाको जङ्क मेलको तुलनामा यो कसरी समान वा फरक छ?*
- *के हामी कुपनहरूको प्रयोग गर्छौं? कुपनहरूद्वारा हामी सामान्यतया के किन्छौं?*
- *के हामीले हालै मेलमा विज्ञापन प्राप्त गर्‍यौं? यसमा कस्तो प्रकारको जानकारी थियो?*

तपाईंले थप जङ्क मेल प्राप्त गर्दै जाँदा यी प्रश्नहरूमध्ये केही वा सबै तपाईंका बालबच्चा वा किशोर-किशोरीहरूसँग छलफल गर्ने निर्णय गर्न सक्नुहुन्छ।

## एकसाथ सिप विकास गर्ने: अङ्ग्रेजी अभ्यास गर्नको लागि जङ्क मेलको प्रयोग गरी गरिने क्रियाकलापहरू

तपाईंले आफ्ना बालबच्चा र किशोर-किशोरीसँग अङ्ग्रेजी भाषाको अभ्यास गर्नको लागि कुपन र विज्ञापन जस्ता जङ्क मेल प्रयोग गर्न सक्ने केही क्रियाकलापहरू यसप्रकार छन्।

### चित्र शब्दकोश निर्माण गर्ने

तपाईंले विभिन्न कुपन र विज्ञापन सङ्कलन गर्न सक्नुहुन्छ। चित्र शब्दकोश निर्माण गर्नको लागि, तिनलाई स्क्र्यापबुकमा अक्षर अनुसार मिलाएर राख्नुहोस्। तपाईंले यसलाई मिलाएर राखेपछि, कुपन र विज्ञापनहरूमा औंल्याउनुहोस् अनि तपाईंको बालबच्चा र किशोर-किशोरीलाई अङ्ग्रेजीबाट उक्त उत्पादन पहिचान गर्न लगाउनुहोस्। त्यसपछि तपाईंको बालबच्चा वा किशोर-किशोरीलाई कुपन देखाउन लगाउनुहोस् र तपाईंले पहिचान गर्नुहोस्, ताकि तपाईंले पनि शब्दभण्डारको अभ्यास गर्न सक्नुहुन्छ। तपाईंले चित्र शब्दकोश निर्माण गरिसकेपछि, तपाईंले व्याकरण र उच्चारण जस्ता अन्य अङ्ग्रेजी भाषाका सिपहरू अभ्यास गर्न यसको प्रयोग गर्न सक्नुहुन्छ।

## व्याकरण अभ्यास: गन्न सकिने र गन्न नसकिने नाम

तपाईंको बालबच्चा वा किशोर-किशोरीसँग, गन्न सकिने र गन्न नसकिने नाम भएका कुपनका उत्पदानहरूलाई पहिचान गर्नुहोस्। उदाहरणको लागि, अण्डा गन्न सकिनेमा पर्छ किनभने तपाईंले हरेक अण्डा गन्न सक्नुहुन्छ। यसको साथै, तिनलाई सामान्यतया 12 (जसलाई दर्जन भनेर पनि भनिन्छ) जस्ता निश्चित सङ्ख्या भएको प्याकेजमा बिक्री गरिन्छ। यसको विपरीत, सिरियल गन्न नसकिनेमा पर्छ किनभने सिरियलको हरेक टुक्रा गन्ती गर्नु कठिन वा असम्भव हुन्छ। अनि, हातले गन्न सकिने सङ्ख्यामा बिक्री गरिनुको सट्टा, सिरियललाई 12-आउन्स बक्सको सिरियल जस्ता मापन गरिएको मात्रामा बिक्री गरिन्छ। त्यसपछि, ग्रोसरी सूची बनाउनको लागि कुपनको प्रयोग गर्नुहोस्। तपाईंको बच्चासँग, गन्न सकिने नामहरूमा घेरा लगाउनुहोस्: स्याउ, केरा, पेपर टावेल, इत्यादि। गन्न नसकिने नामहरूमा घेरा लगाउनुहोस्: दुध, रोटी, डिटर्जेन्ट।

**थप अभ्यास:** तपाईंको बालबच्चा वा किशोर-किशोरीसँग, तपाईंको ग्रोसरी सूचीका वस्तुहरूलाई लेबल गरिएका वर्गहरू जस्तै, "कृषि उत्पादन," "घर सरसफाइ," र "दुग्ध।" उदाहरणको लागि, दूध र पनीर दुग्ध उत्पादनहरू हुन्। तपाईंको सूचीमा "दुग्ध" लेख्नुहोस् र यसलाई अन्डरलाइन दिनुहोस्। त्यसको मुनि "दुध' र "पनीर" लेख्नुहोस्। तपाईंको किशोर-किशोरी वा बच्चालाई सोध्नुहोस्:

*अन्य थप दुग्ध उत्पदानहरू के-के हुन्?*

## उच्चारण अभ्यास: अन्तिम व्यञ्जनवर्ण (s)

तपाईंको बालबच्चा वा किशोर-किशोरीलाई, कुपनमा उल्लेख भएका "s" द्वारा समाप्त हुने उत्पादनहरू पहिचान गर्न लगाउनुहोस्, जस्तै "eggs," "cupcakes," "paper towels," र "bananas"। वस्तुहरूलाई बहुवचन बनाउनको लागि "s" को प्रयोग गरिन्छ। स्वरवर्ण वा अन्य उच्चार्य व्यञ्जनवर्ण जस्तै "m, "n," "ng," "l," "b," "d," "g," "v," "r," द्वारा शब्दको अन्त्य हुन्छ वा उच्चार्य "th," "s" समावेश गरेर बहुवचन बनाइन्छ र यसमा /z/ स्वर हुन्छ। "eggs" भन्ने शब्द उच्चारण गर्नुहोस् र शब्दको अन्त्यको /z/ स्वरलाई जोड दिनुहोस्।

त्यसपछि जब शब्द "p," "t," "k," "f" जस्ता अउच्चार्य अक्षरद्वारा, वा अउच्चार्य "th" स्वरद्वारा अन्त्य हुन्छ, "s" लाई /s/ द्वारा उच्चारण गरिन्छ। "cupcakes" भन्ने शब्द उच्चारण गर्नुहोस् र /s/ स्वरलाई जोड दिनुहोस्।

"s" व्यञ्जनवर्णद्वारा समाप्त हुने हरेक कुपनलाई /z/ स्वरद्वारा उच्चारण गर्ने कि /s/ द्वारा उच्चारण गर्ने एकसाथ निर्धारण गर्नुहोस्।

## बोल्ने सिपको अभ्यास: प्रश्नहरू गर्नुहोस् र उत्तर दिनुहोस् (कति धेरै?)

तपाईंको बालबच्चा वा किशोर-किशोरीसँग, ग्राहक र क्यासियर भएको अभिनय गर्नुहोस्। तपाईंको चित्र शब्दकोशका कुपनहरूको बारेमा प्रश्नहरू गर्न र उत्तर दिनको लागि निम्न वाक्य फ्रेमहरूको प्रयोग गर्नुहोस्। त्यसपछि भूमिका परिवर्तन गर्नुहोस्।

### अङ्ग्रेजी भाषा बोल्न अभ्यास गर्नको लागि वाक्य फ्रेमहरू

| | | | |
|---|---|---|---|
| **प्रश्न:** | How much can I save on ____________ with this coupon? | **उदाहरणहरू:** | *How much can I save on **bananas** with this coupon?*<br><br>*How much can I save on **bananas** with this coupon?* |
| **उत्तर:** | You can save _______. | **उदाहरणहरू:** | *You can save **39 cents**.*<br>*You can save **12 dollars**.* |

यी वाक्य फ्रेमहरूले तपाईं र तपाईंको बालबच्चा वा किशोर-किशोरीलाई गन्न सकिने र गन्न नसकिने नाम अभ्यास गर्न सहायता गर्नेछ (माथि उल्लेख गरिएको, व्याकरण अभ्यास: गन्न सकिने र गन्न नसकिने नाम हेर्नुहोस्)। तपाईंले अभ्यास गर्ने क्रममा, गन्न सकिने नामहरू "s" भन्ने अक्षरद्वारा समाप्त हुन्छ र गन्न नसकिने नामहरू योद्वारा अन्त्य हुँदैन। उदाहरणको लागि, "bananas" गन्न सकिने नाम हो तर "cereal" गन्न नसकिने नाम हो। यी वाक्य फ्रेमहरूले तपाईं र तपाईंको बालबच्चा वा किशोर-किशोरीलाई अन्तिम व्यञ्जनवर्ण "s" उच्चारण अभ्यास गर्न सहायता गर्नेछ (माथि उल्लेख गरिएको, उच्चारण अभ्यास: अन्तिम व्यञ्जनवर्ण (s) हेर्नुहोस्)। अन्तिम व्यञ्जनवर्ण "-s" भएका शब्दहरू कि त /s/ स्वरद्वारा कि त /z/ स्वरद्वारा अन्त्य हुनसक्छन्। उदाहरणको लागि, "cents" भन्ने शब्द /s/ स्वरद्वारा समाप्त हुन्छ तर "dollars" भन्ने शब्द /z/ स्वरद्वारा समाप्त हुन्छ।

## अङ्ग्रेजीमा कुराकानी अभ्यास

तपाईंको बालबच्चा वा किशोर-किशोरीलाई तपाईंहरू सप्तान्तको भ्रमणमा जाँदैहुनुहुन्छ भनेर बताउनुहोस्। तपाईंहरू कहाँ जान लाग्नुभएको छ सो सबै मिलेर निर्धारण गर्नुहोस्। तिनीहरूलाई यसो भन्नुहोस्:

*We can only bring three things with us. What should we bring?*

तपाईंको बालबच्चा वा किशोर-किशोरीसँग, तपाईंको चित्र शब्दकोशमा समावेश गरिएका तीन वटा कुन-कुन कुराहरू तपाईंको सप्तान्त यात्राको लागि सबैभन्दा उपयोगी हुनेछ सो निर्धारण गर्नुहोस्। कुपनमा छूटबाट तपाईंले बचाउन सक्ने रकमलाई पनि तपाईंको निर्णयमा विचार गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो बालबच्चा वा किशोर-किशोरीसँग कुराकानी गर्ने क्रममा, गन्न सकिने र गन्न नसकिने नाम सही तरिकाले प्रयोग गर्न र उच्चारण गर्न प्रयास गर्नुहोस्।

**नोट:** ध्यान दिनुहोस्, जब तपाईंले आफ्नो बालबच्चा वा किशोर-किशोरीसँग अङ्ग्रेजीमा कुराकानी अभ्यास गर्नुहुन्छ, यदि कुनै कुरालाई अङ्ग्रेजीमा के भनिन्छ भन्ने थाहा छैन भने, वा कुनै शब्द वा विचारको लागि थप व्याख्याको  आवश्यकता पर्छ भने तपाईंको मातृभाषामा उक्त शब्द, वाक्यांश वा वाक्य बताउनु उचित हुन्छ। मातृभाषालाई समावेश गर्नु कुनै काम पूरा गर्ने र तोकिएको वा नयाँ भाषामा नयाँ सामग्रीको बारेमा सिक्न सहायता गर्ने प्रभावकारी तरिका हुनसक्छ (Genesee & Lindholm-Leary, 2012). कुराकानी अभ:यासको उद्देश्य भनेको तपाईंले सकेजति अङ्ग्रेजी भाषाको प्रयोग गर्नु हो। तपाईंले कुराकानी गर्दै जाँदा तपाईंले झन्-झन् बढी अङ्ग्रेजी भाषा प्रयोग गर्दै जानुहुनेछ।

नयाँ भाषा र नयाँ संस्कृति सिक्ने क्रममा, तपाईंले दैनिक जीवनमा भेट्टाउने कुराहरूले नयाँ सिकाई अवसर प्रदान गर्न सक्छ। जङ्क मेल तपाईंको मेल बक्समा तपाईंले भेट्टाउन सक्ने नि:शुल्क सामग्रीद्वारा अङ्ग्रेजी अभ्यास गर्ने एउटा तरिका हो।

थप अभ्यासको लागि, , *The Internet TESL Journal* नामक वेबसाइटबाट यीमध्ये एउटा प्रयोग गर्नुहोस् [Activities for Using Junk Email in the ESL/EFL Classroom]।

# सन्दर्भहरू

Genesee, F., & Lindholm-Leary, K. (2012). The education of English language learners. In K. R. Harris, S. Graham, T. Urdan, A. G. Bus, S. Major, & H. L. Swanson (Eds.), *APA handbooks in psychology®. APA educational psychology handbook, Vol. 3. Application to learning and teaching* (pp. 499–526). American Psychological Association. https://doi.org/10.1037/13275-020

Vygotsky, L.S. (1978). *Mind in society: The development of higher psychological processes*. (M. Cole, V. John-Steiner, S. Scribner, & E. Souberman, Eds.). Cambridge University Press.

Xu, Hong. (1999) Young Chinese ESL children's home literacy experiences. *Reading Horizons: A Journal of Literacy and Language Arts*, *40*, 47–64. https://scholarworks.wmich.edu/reading_horizons/vol40/iss1/3